राजविराज नगरपालिका
नगर कार्यपालिका कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश नेपाल

# राजबिराज नगरपालिकाको कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

राजविराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सप्तरी, नेपाल

## राजबिराज नगरपालिकाको कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१" मा रहेको तह / स्तर वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरि राजविराज नगरपालिकाको नगर कार्यपालिका (मिति २०८१/०९/०१ गतेको बैठकको निर्णय ) बाट स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम " कर्मचारी तह / स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "ऐन" भन्नाले मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ ।

ख. "कार्यविधि" भन्नाले राजविराज नगरपालिकाको कर्मचारी तह / स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

ग. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

घ."कार्यालय/नगरपालिका" भन्नाले राजविराज नगरपालिकालाई सम्झनु पर्दछ ।

ङ "कार्यपालिका" भन्नाले राजविराज नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

च. "अख्तियारवाला" भन्नाले ऐनको दफा १५ बमोजिम स्थानीय सेवामा नियुक्ति र पदास्थापन गर्ने एवम् अवकाशको निर्णय गर्ने अधिकारी सम्झनुपर्छ।

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राजविराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज."कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेको तथा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भइ आएका तथा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम संघीय लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोग बाट सिफारिस भई नियुक्ति लिई आएका र साविक स्थानीय निकायमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीलाई सम्झनुपर्छ ।

झ. "तह/स्तर वृद्धि" भन्नाले ऐनको दफा ४ दफा ८ र दफा ९ बमोजिम गरिने तह/स्तर वृद्धिलाई सम्झनु पर्दछ ।

ञ."प्रदेश लोकसेवा आयोग" भन्नाले मधेश प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

ट."सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

परिच्छेद -२

पद सम्बन्धी व्यवस्था

३. समूह तथा उपसमूह ; ऐनको दफा ४ को उपदफा (२) वमोजिम स्थानीय सेवामा रहने समूह तथा उपसमूह अनुसूची ३ बमोजिम हुनेछन् ।

४. समायोजन ऐन बमोजिम स्थानीय तहको विविध सेवामा समायोजन भएका कर्मचारीलाइ उपदफा (१) को खण्ड(ग) बमोजिमको स्थानीय प्रशासन सेवाको अनुसूची ३ वमोजिम प्रशासन सेवामा मिलान गरिनेछ ।

५. सूचना प्रकाशन गर्ने : (१) यो कार्यविधि बमोजिम राजविराज नगरपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह / स्तर वृद्धि को लागि आवेदन पेश गर्न प्रत्येक वर्षको असार महिना र पुसमहिनामा कम्तीमा तीस दिनको म्याद दिइ दरखास्त आव्हान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ ।

६. सिफारिस समितिः(१) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६, दफा ८ को उपदफा २३ र दफा २९ को उपदफा १ र २ बमोजिम राजविराज नगरपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न ऐनको दफा २९ को उपदफा ५ अनुसार तपसिल बमोजिमको तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति रहनेछ ।

तपसिलः

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी | -संयोजक |
| ख. कानुनी सल्लाहकार राजविराज नगरपालिका | -सदस्य |
| ग. कर्मचारी प्रशासन शाखा प्रमुख | -सदस्य सचिव |

(२) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. समितिको काम कर्तव्य र अधिकार :सिफारिस समितको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

क. तह/स्तर वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख. आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने ।

ग. पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

घ. तह/स्तर वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह / स्तर वृद्धि का लागि कार्यालयलाई सिफारिस गर्ने ।

८.आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ उपदफा १ र २ बमोजिम पुरा गरेको हुनु पर्नेछ ।

९.सिफारिस: (१) दरखास्त दिने अन्तिम मितिको पन्ध्र दिन भित्रमा सिफारिस समितिले निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी निर्णय सहित कार्यालयलाई तह/स्तर वृद्धि को लागि सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह / स्तर वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तह / स्तर वृद्धि भएका कर्मचारीलाई अनुसूची-२ बमोजिमको ढाँचामा तह/स्तर वृद्धि को पत्र दिइनेछ ।

१०. तह/स्तर वृद्धि गर्न नहुनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा बुंदा ६ (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह/स्तर वृद्धि को लागि सिफारिस गर्ने छैनः-

क. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख. तह/स्तर वृद्धि वा बढुवा रोक्का भएकोमा तह / स्तर वृद्धि वा बढुवा रोक्का भएको अवधिभर

ग. तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर

घ. असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर

ङ. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर

११. <u>तह/स्तर वृद्धि सम्बन्धि विषेश व्यवस्थाः</u>

(१) कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भएका साविक स्थानिय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृतस्तर छैठौं,सातौ,आठौं तहको कार्यरत कर्मचारी लाई ऐनको दफा ४ को उपदफा ६ बमोजिम एक तह स्तर वृद्धि गरिनेछ। यसरी स्तर वृद्धि हुँदा त्यस्तो पद स्वतः सृजना हुनेछ र कुनै कारण निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वतः खारेज भई जानेछ ।

(२) स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ बमोजिम अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौं तहको कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागू हुने गरी अख्तियारवालाले सातौं तहमा तह मिलान गरिदिनेछ।

(३) साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा पाँचौ तहमा स्थायी नियुक्ति पाई दस बर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी छैठौ तहमा स्तरवृद्धि भई कार्यरत रहेका र सातौ तहका लागि आवश्यक शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई अख्तियारवालाले सातौं तह कायम गरिदिने छ|

(४) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह / स्तर वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी / पदाधिकार रहेको कार्यालयमा तह/स्तर वृद्धि गरिनेछ ।

१२. <u>जेष्ठता कायमः</u> तह / स्तर वृद्धि हुने कर्मचारीको ऐनको दफा २८ र दफा २९ को उपदफा ४ बमोजिम जेष्ठता कायम हुनेछ ।

१३. <u>जानकारी दिनु पर्नेः</u> यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१४. <u>अभिलेख राख्ने सम्बन्धी ब्यवस्थाः</u> यस कार्यविधि बमोजिम तहवृद्धि/स्तरवृद्धि हुने कर्मचारीहरुको अभिलेख नगरपालिकाले दुरुस्त रुपमा राख्नु पर्नेछ साथै सरोकारवाला निकायहरुबाट माग भएको वखत तत्काल उपलब्ध गराउनु पर्नेछ ।

१५. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्य निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यो कार्यविधिमा लेखिएको कुराको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको बुँदा ३ सँग सम्बन्धित)

## तह / स्तर वृद्धि को लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः / /

श्री प्र.प्र. अधिकृत यू

नगर कार्यपालिकाको कार्यालय,

राजविराजन.पा., सप्तरी।

विषयः- तह/स्तर वृद्धि गरि पाउँ बारे।

प्रस्तुत विषयमा यस नगर कार्यपालिकाको कार्यालयको मिति / / गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह / स्तर वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

तपसिल

१. स्थायी नियुक्तिको पत्रको प्रतिलिपी।

२. समायोजन पत्रको प्रतिलिपी।

३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।

४. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी।

५. बढुवा /स्तर वृद्धि भएको पत्रको प्रतिलिपी।

| हालको पद / तह | तह / स्तर वृद्धि हुने पद / तह |
|---|---|
| सुरु नियुक्ति/बढुवा मितिः | जेष्ठता कायम हुने मितिः |
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुंझाउँला।

निवेदक

नामः

दस्तखतः

क.सं. नम्बरः

अनुसूची २

(कार्यविधिको बुँदा ९ को ३ सँग सम्बन्धित )

**तह / स्तर वृद्धि पत्रको ढाँचा**

प.सं.:

च.नं.

मितिः-

विषयः- तह/स्तर वृद्धि गरिएको सम्बन्धमा ।

तपाईलाई राजविराज नगरपालिकाको मिति/ /गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ..................... अनुसार मिति .................... गतेदेखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह/स्तर वृद्धि गरिएको छ । तह/स्तर वृद्धि हुन भएकोमा बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

तपसिल

| हालको पद / तह | तह / स्तर वृद्धि हुने पद / तह |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवा: | सेवा: |
| समूहः | समूहः |
| कार्यरत कार्यालयः | पदस्थापन गरेको कार्यालयः |

श्री ..................................................

कर्मचारी सकेत नम्बरः

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश जनकपुरधाम धनुषा ।

श्री राष्ट्रिय कितावखाना (निजामती), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम धनुषा ।

श्री प्रदेश किताबखाना, जनकपुरधाम धनुषा ।

श्री नागरिक लगानीकोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाडौ / जनकपुर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरी ।

श्री आर्थिक प्रशासन शाखा, राजविराज न.पा., सप्तरी ।

अनुसूची - ३

(दफा ३ सँग सम्बन्धित)

स्थानीय सेवामा रहने समूह तथा उपसमूहरु

स्थानीय सेवामा देहाय बमोजिमका समूह तथा उपसमूहहरु रहनेछन् :-

| सेवा | समूह | उपसमूह |
|---|---|---|
| स्थानीय इन्जिनियरिङ्.सेवा | सिभिल इन्जिनियरिङ्. | जनरल |
| स्थानीय कृषि सेवा | कृषि प्रसार<br>बाली विकास<br>वागवानी<br>वाली संरक्षण | |
| स्थानीय प्रशासन सेवा | प्रशासन<br>आर्थिक प्रशासन (लेखा) | प्रशासन<br>आर्थिक प्रशासन (लेखा) |
| स्थानीय वन सेवा | | |
| स्थानीय शिक्षा सेवा | शिक्षा प्रशासन | शिक्षा प्रशासन |
| स्थानीय स्वास्थ्य सेवा | हे.ई.<br>प. हे.न.<br>नर्सिङ. | हे. ई.<br>प. हे.न.<br>नर्सिङ. |